Jana Aakash National Weekly

# जन आकाश

**Jana Aakash National Weekly** राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- ९, २०७६ साल असोज १४ गते मंगलबार (Oct, 01, 2019) www.janaakash.com.np मुल्य रु १०।-


## मंगलमय शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७६ को पावन अवसरमा हाम्रा समस्त दाजुभाई, दिदी बहिनी तथा शुभ चिन्तकहरुमा श्री दुर्गा भवानी तथा श्री लक्ष्मीले समृद्धि प्रदान गरुन् भन्दै असत्य माथि सत्यको विजय भएको खुशियालीमा

**हार्दिक मंगलमय शुभकामना**



**प्रेम बहादुर आले मगर**

प्रतिनिधिसभा सांसद

डोटी


# जिरी धारापानी सडकको व्यथा

# समृद्धिको सपना बाँड्नेहरुलाई के थाहा ?

**मोहन कार्की**

काठमाडौं । नेपालका पहाडी जिल्लाहरुमा यातायातको सुविधा कष्टकर त छँदैछ । त्यसमाथि पनि नेपालीहरुको महान चाड विजया दशमीको मुखमा टाढाटाढाबाट आफन्त मान्यजनहरुकोमा टिका, आर्शिवाद थाप्न देशभरीका नागरिकहरुमा चटारो छ । यतिबेला काठमाडौंबाट उत्तरपूर्वी क्षेत्रमा चल्ने यातायातहरुको लागि काठमाडौंको रत्नपार्कमा दशैंको लागि अग्रिम टिकट बुकिङ्ग गर्न मानिसहरु लामबद्ध छन् । नेपालीहरुको मुख्य चाड विजयादशमीमा सपरिवार भेटभएर सँगै बसि मिठो मसिनो हाँसिखुसी बाँडेर खाने र आफन्त नाताकुटुम्बसँग यसै अवसरमा भेट हुने हुँदा जसरी पनि दशैंमा मानिसहरु आफ्नो जन्मघरमा जान आतुर छन् । टिकट पाउनेहरु त सिटमा बसेर जान्छन् भने टिकट नपाउनेहरु समेत जोखिम मोलेर घर जाने गर्दथे यो वर्ष पनि त्यस्तै अवस्था छ ।

काठमाडौंको पूर्वी उत्तरमा चल्ने अरनिको यातायातले टिकाको अघिल्लो दिनसम्मको लागि टिकट सकिसकेको बताइसकेको छ भने रिजर्भमा जानेहरुका लागि गाडी साहुहरु खोज्दा अरु समयभन्दा ५० प्रतिशत बढी रकम तिरेर जान मानिसहरु बाध्य छन् त्यो पनि सहजै उपलब्ध छैन । त्यसमाथि काठमाडौंबाट रामेछाप, दोलखा, सोलुखुम्बु, ओखलढुंगा जाने अरनिको बसहरु खालीचौरु -मुठे हुँदै जिरी हुँदै जिरीभन्दा पर कुने माकपा भएर रामेछापको धारापानी निस्केर ठोसैं, गर्जाङ्ग, साङ्वा डाँडा, देउराली, भण्डार, कुबुँकास्ताली, सोलुको किन्जा, ओखलढुंगाको रावा दोलुलगायत क्षेत्रमा पुग्ने मानिसहरु दशैमा उक्त रुट भएर जाने गरेका छन् । यतिबेला उक्त रुटमा पनि दोलखाको जिरी नगरिपालिका वडा नं. ४ मा पर्ने कुनेदेखि धारापानी सम्मको सडक खण्ड खेतको आली जस्तै बनेको छ । जसले गर्दा यात्रारत यात्रुहरु उक्त ठाउँमा पुगेपछि अलपत्र हुने गरेका छन् । यही १२ गते पनि त्यस्तै भएको थियो ।

उक्त सडकखण्ड भएर यात्रा गर्ने यात्रुहरुको दशैं यसवर्ष कठिन हुने भएको छ । त्यसकारण सम्बन्धीत निकाय विशेष गरेर दोलखाको जिरी नगरपालिका र रामेछापको गोकुलगंगा गाउँपालिकाले उक्त सडकखण्ड सफा गरेर यात्रुहरुलाई सुविधा दिन कुनै कसर बाँकी राखिनु हुँदैन । साथसाथै नेपाल सरकारले भौतिक योजना मन्त्रालय अन्तर्गतको सडक विभागलाई तुरुन्तै क्रियाशील गराएर मुख्य राजमार्गहरुमा र धेरैभन्दा धेरै कर्मचारी, प्रविधि खटाई नेपालीहरुले सहज, सुलभ ढंगबाट यात्रा गरी यात्रुले चाहेको गन्तव्यमा सययमा नै पुगेर महान चाड विजयादशमी हाँसिखुशी आनन्दले मनाउन सक्ने वातावरण बनाउनुपर्छ ।

यसवर्षको जिरी धारापानी सडक खण्डको उदाहरणले आउँदा वर्षहरुमा समयमा नै विजय दशमी आसपासमा नेपालका सडकहरु सफ ागर्ने र यातायात सहज ढंगबाट आवाज जावत गर्ने वातावरण बनाउने गरी दीर्घकालीन सोच राखेर काम गरेका सबै नेपालीहरुले सहज सुलभ र आनन्दको साँस फेर्दै सुख, शान्तिको आभास गर्दै नेपालीहरुको महान पर्व विजयादशमी मनाउन पाउने गरी यातायात तथा

बाँकी ३ पृष्ठमा

## मन्थलीमा मेयरको जनता तर्साउने काम

रामेछापको मन्थली नगरपालिकामा यति बेला नगरप्रमुख रमेश कुमार बस्नेतको ठाडो निर्देशनमा नगरका व्यापारीहरुको पसल-पसलमा छिरेर नगर प्रहरीलेले आतंक मच्चाइरहेको देखिन्छ । भने मन्थलीमा पसल राखेर बसेका ब्यापारीहरुको पसल अगाडी बेच्न राखेका भाडा कुडा, तरकारी, फलफुल पानीका जार उठाएर लगी मन्थलीका ब्यापारीहरुलाइ दुखः दिइरहेकाछन् । यो रामेछापका जन निर्वा्चित प्रतिनिधि संसद, प्रदेश संसद, गाउपालिका अध्यक्ष उपाध्यक्षक्हरु




जिल्ला समन्वको वैठकमा आएको वेला बस्नेत मेयरले जनतालाइ कसरी दबाएर राख्नुपर्छ भनेर संसद र प्रतिनिधि संसदहरुलाइ उदारण देखाउनको लागि उक्त हरकत गरेको सहजै अनुमान लगाउन सकिन्छ ।

### मेयरले ब्यापारीसाग बार्गेनिङ गरेको ब्यवसायीको गुनासो

केही दिन अगाडि रमेश बस्नेतले नगरपालिकामा व्यापारीहरुलाई बोलाइ दशैंको अवसरमा केही त व्यवस्थापन गर्न पर्‍यो भनेर घुमाउरो भाषामा रकमको माग गरेको एक ब्यापारीले नाम नबताउने सर्तमा

बाँकी ३ पृष्ठमा




'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# सञ्चार क्षेत्र र यसको महत्व

नेपालमा आम सञ्चारको बिकास कुन ढंगबाट भएको छ भन्ने बहस यतिबेला समाजमा, राष्ट्रमा व्याप्त छ । बेलाबेलामा समाजमा सञ्चारमाध्यमबाट नै प्रचार भइसकेपछि नागरिकहरुले त्यसैको विश्वसनियताको आधारमा बुझ्ने, सुन्ने र सत्यतथ्य थाहा पाउने चलन छ । नेपालको सन्दर्भमा पनि त्यस्तै हुँदै आएको छ । त्यसले गर्दा आम सञ्चार क्षेत्रको महत्वलाई कम आँकिनु हुँदैन ।

पछिल्लो केही समयमा नेपालको आम सञ्चारमा आएको र त्यस घटनाहरुसँग जोडिएका प्रश्नहरु आम सञ्चार सँगसँगै समाज, राजनीतिक पार्टी हुँदै राष्ट्रसँग समेत जोडिन पुगेको छ । जस्तै उदाहरणहरु निर्मला हत्याकाण्ड, पुडासैनी आत्महत्या काण्ड, ज्ञानेन्द्र शाहीले सार्वजनिक स्थलमा मन्त्रीमाथि गरेको गाली गलौज र त्यसपछि निरन्तर रुपमा ज्ञानेन्द्र शाही माथि भइरहेको आक्रमण र ज्ञानेन्द्र शाहीको अभियान र त्यो अभियान सँगसँगै जोडिएका सञ्चारमाध्यमको फरक फरक बुझाई पक्ष विपक्षले आम सञ्चारमाध्यमको क्षेत्रलाई प्रश्नवाचक चिन्ह खडा गरिदिएको छ ।

सञ्चार माध्यमकै कारण धेरै भन्दा धेरैले सही र गलत छुट्याएर समाचार सम्प्रेषण, प्रशारण गर्दा आम नागरिकहरुले विश्वस्त भई देश विदेशमा घटना अवस्था जानकारी लिएर अग्रिम तयारी गर्छन् र आफूपनि सतर्क हुन्छन् । जस्तै कतै वाडीपहिरो, आगलागी, घटना दुर्घटना जस्ता विषय सञ्चारमाध्यमले प्रवाह गर्दा त्यसै सञ्चारमाध्यमको सदुपयोग गरी नागरिकहरु सुरक्षित हुन्छन् भने राष्ट्रमाथि आइपर्ने संकटको बारेमा त झनै आम सञ्चारको महत्व अधिक हुन्छ ।

तर विडम्बना नेपालको पछिल्लो घटनाक्रम र आमसञ्चार माध्यममा आएका हुने गरेका तिनै आम सञ्चारमाध्यमले प्रकाशन, प्रशारण गरेका समाचारको विषयलाई लिएर सामाजिक सञ्जालहरुमार्फत तथ्य र आधारहीन समाजलाई उत्तेजित पार्ने गरी फेसबुक सामाजिक सञ्जालमा देखिएका अमर्यादित कृयाकलापहरुले हाम्रो नेपाली मनोवृत्ति कुन खालको विकास भई रहेको छ र समाजलाई कता लाँदैछ । राष्ट्रको सद्भाव एकता, सत्यता के हो भन्ने विषयमा कोही घोत्लिएको देखिँदैन ।

चितवनमा हत्या गरेका हुन् वा आत्महत्या त्यो अनुसन्धान पछि सार्वजनिक हुने विषय हो । त्यसैबीच विषयलाई लिएर फेसबुक सामाजिक सञ्जालले अर्को रुप लियो र त्यस विषयमा आम सञ्चारमाध्यम पनि विभाजन भएको अवस्था छ । निर्मला हत्याकाण्ड विषयमा पनि सञ्चारमाध्यममा विभाजित भएर समाचार प्रकाशन, प्रशारणमा भिन्नता देखिँदै आएको छ ।

त्यसै ज्ञानेन्द्र शाहीको कुटपिट र मन्त्रीको विषयमा पनि सञ्चारमाध्यमहरु विभाजित छन् । यो आम सञ्चारमाध्यम जगतको लागि शुभ संकेत मानिँदैन । आम नागरिकले विश्वस्त भएर सत्या र तथ्यको आधारमा सञ्चारमाध्यमले लेखेका, प्रशारण गरेका समाचार, जानकारी प्रति विश्वस्त छ होउन् र विभक्त हुँदै गएको समाजलाई एकता साम्प्रदायिकता भड्कँदै गएको सम्प्रदायलाई सद्भावना र असत्यको पछि लागेर भड्कीरहेको समाजलाई सत्या यो हो भनेर विश्वस्त बनाउने काम पनि आम सञ्चार माध्यमकै हो । यतिबेला सत्य तथ्यमा आधारित समाचार लेखन गर्ने प्रकाशन प्रशारण गर्ने देशभक्त पत्रकारहरुको सञ्चारमाध्यमबाट आएका सत्य समाचारको विषयमा उल्टै सामाजिक सञ्जाल प्रयोग गरी गलत ढंगबाट वास्तविक पत्रकारलाई बिस्थापित गर्दै पार्टीको झण्डा बोकेर पत्रकारिता गर्नेहरुले जे लेखे पनि, जस्तो प्रशारण गरेर पनि गलतलाई सही बनाएर आम सञ्चारको महत्वलाई घटाएको अवस्था छ । त्यो अवस्थालाई चिर्न र सत्य तथ्यमा आधारित र नेपाल र नेपालीको हितमा आमसञ्चारले भूमिका निर्वाह गर्ने पत्रकारहरुको व्यवस्थापन गरेर घट्दै गएको आम सञ्चार माध्यमको महत्वलाई सही ट्याकमा ल्याउनु आजको आवश्यकता हो । जिम्मेवार निकायहरुले त्यसमा नेतृत्व लिँदै काम गरिनुपर्छ ।

मंगलमय शुभकामना
विजया दशमी तथा शुभ दिपावली २०७६ को पावन अवसरमा हाम्रा समस्त पाठकवर्ग, विज्ञापनदाता, लेखकवर्ग लगायत दाजुभाई, दिदी बहिनी तथा शुभ चिन्तकहरुमा श्री दुर्गा भवानी तथा श्री लक्ष्मीले समृद्धि प्रदान गरुन् भन्दै असत्य माथि सत्यको विजय भएको खुशियालीमा
हार्दिक मंगलमय शुभकामना
जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक परिवार
हाम्रो आगामी भेट २८ गते हुनेछ

# कम्युनिष्टको विकल्प काग्रेस बन्न सक्दैन

मोहन पोखरेल

**दुईतिहाईको बलियो सरकार पनि भन्ने ५० वर्ष शासन गरेर देखाउँछौ पनि भन्ने अनि प्रतिगमन हुदैछ हामी खतरामा छौ भन्नुको तात्पर्य के ? लोकतन्त्र र गणतन्त्र दुवै खतरामा परिसकेका छन् भनेर प्रचण्ड र ओलीले फलाक्दै । हिडन् पर्ने कारण के ? आफ्नो गल्ती ठाकछोप गर्नका लागि विषय वस्तुलाई अन्यत्रै मोड्ने खतरनाक प्रवृत्ति सरकार भित्रै देखिएको छ । को र कहाँबाट र जसले लोकतन्त्र र गणतन्त्र माथि आवा बोल्दैछ , यस प्रश्नको उत्तर दिन ओली र प्रचण्डले दिन सकेका छैनन् ।**

नेपाली काग्रेसको जन जागरण अभियान पनि सकिएको छ । कम्युनिष्ट सरकारका विसुद्ध थालिएको यस अभियान "लुतो न कन्याई" जस्तो देखिए पनि काग्रेसका लागि प्रतिपक्षले खेल्ने पर्ने जुन एउटा नाटक थियो, तयो भने यथार्थमा पुरा भएको छ । १६ श्राद्धका बेला पण्डितले एकै चोटी श्राद्ध सक्दै कमाउ धन्धामा लागे भने काग्रेस पनि यस्तै पण्डित्याई पाराबाट अगाडी बढ्दा धेरै श्रद्धालुहरु ठगिएका छन् । काम कुरो एकातिर, कुम्लो बोकि ठिमितिर" भने जस्तो गरी काग्रेसले प्रजातन्त्रले सट्टा गणतन्त्रको बाटो पकडदा उसको सत्यानासका दिन शुरु भइसकेको आकलन गर्न सकिन्छ ।

वि.पि. कोइरालाले बारम्बार भन्ने गर्नु हुन्थ्यो । काग्रेस सकियो भने आफ्नै कारणले सकिन्छ । बहुदलिय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको सट्टा काग्रेस अन्त कतै दायाँ बायाँ लागेको खण्डमा काग्रेस सकिन्छ भन्ने वि.पि. को उद्घोषलाई यतिखेरको काग्रेसले विर्सेको छ । ०६२।०६३ को आन्दोलनको नेतृत्व गरेपछि र गणतन्त्रलाई स्वीकार गरेका दिन देखि नै काग्रेसका दुर्दिन शुरु भएका हुन् । दुई कम्युनिष्ट बिचको एकिकरण र त्यसले निर्वाचनका बेला प्राप्त गरेको झण्डै दुईतिहाई मतको माध्यमबाट बनेको कम्युनिष्ट सरकारका कारण झन् काग्रेसले प्रतिपक्षको भूमिका पनि निर्वाह गर्न सकेको छैन ।

यता गर्दा पनि हुदैन, उता गर्दा पनि हुदैन, काग्रेस रुखमा टोलाएको लाटो कोसेरो जस्तो भएको छ । दिन सकिई सकेको महसुस गरेरै होला, काग्रेस दोस्रो पुस्ताका केहि नेता हिन्दु राष्ट्रका पक्षमा कोकोहोलो गर्न थालेका छन् । कम्युनिष्टले वसि खान दिएन अब हिन्दु राष्ट्र हुदै राजतनत्र फर्काउन सकिन्छ कि भन्ने ध्याउन्नमा केही नेता लागि परेका छन् । आकासको फल आँखा तरि मर भने झै सानो दुःखले यस्तो काम कसरी फत्ते गर्न सकियला र भन्नेमा शेरबहादुर देउवा लगायतका केही माऊ नेता सञ्च हासो हाँस्दै गणतन्त्रलाई बचाउने गफ छाट्न पछि पर्दैनन् ।

वि.पि. का आदर्शवादी शब्दहरु यतिनेर लागु भएका भन् । काग्रेसको अहिलेको हरिविजोग देख्दा वि.पि राजनितिका एउटा भविष्य द्रष्टा हुनुहुन्थ्यो भन्ने प्रमाीण्त गर्दछ । वि.पि. ले कम्युनिष्टसँग कहिल्यै पनि कार्यगत एकता गर्नुहुदैन । यदि त्यसो गरियो भने कांग्रेसका दिन सकिन्छन् भन्नुहुन्थ्यो । तर काग्रेसले ०६२।०६३ पछि विपिका विचारलाई तिलाञ्जली दियो । गणतन्त्रको उल्टोबाटो समाप्दै र कम्युनिष्टलाई झ्याङ्ग चढाउदै आफ्नो खुट्टामा आफै वञ्चरो हानेको छ । अब कांग्रेसले के सोच्न र के बुझ्न जरुरी छ भने दुईतिहाइको कम्युनिष्टहरु आला काँचा छैनन् र बलिया भएका छन् । यिनीहरुले त्यत्तिकै सत्ता छोड्ने छैनन् अब हामीले गणतन्त्रको सट्टा अर्कै बाटो तय गर्नुपर्दछ र त्यसैमा हाम्रो कल्याण छ भन्ने बुझ्नु पर्दछ ।

हो, काग्रेसको भन्दा पनि मुलुकका दुर्दिन यहि कम्युनिष्ट सरकारका व्यवहारका कारण शुरु भएका छन् । बिचरो एउटा कांग्रेस कम्युनिष्टका विरुद्ध कराउँदै चिच्चाउँदै गर्दा जनता भने तमासे बनेका छन् । काग्रेसले बाटो छोडिसकेकाले जनताले पनि उसलाई साथको राज अब मुलुकमा चल्ने वाला छैन । पहिलाको जस्तो झर्ला र खाउँला भन्ने दिन अब सकिइसकेका छन् । कम्युनिष्ट शासन ढिलो, चाडो अवश्य पतन त हुन्छ नै, त्यसको विकल्पका कांग्रेस होइन अरु कुनै शक्तिको उदय हुनेछ । राजनीतिक परिदृष्यले यस्तै संकेत दिन थालिसकेको छ ।

अब दशै पनि शुरु भइसकेको छ । दुईतिहाईको सरकार भएपछि आफ्ना कार्यकर्ता र नाता कुटुम्बलाई ओली सरकारले करोडौको ठेली दशै खर्च भन्दै पाइएइला, काग्रेसले पनि धेरै थोरै पाउला । तर खोकीबाट आक्रान्त भएका विपन्न वर्गका जनतालाई सरकारको आशा भरोसा छैन, चाहेर हुनेवाला पनि छैन । श्रमजिवी वर्गका नेतृत्वकर्ता हौ भन्नेहरुले के बुझ्नु जरुरी छ भने गरिब, विपन्न वर्ग पनि हाम्रै जनता हुन् । तर सरकारले हेर्दैन । कति हरिविजोग हुने हो, यस वर्षको दशै मान्न नपाउँदा त्यस्ता वर्गको ।

कम्युनिष्ट सरकारको पगरी गुथे



पनि यो सरकार पुँजीवाद दर्जामा हिँडेको छ मिठै खाने, राम्रै लगाउने, महलमा बस्ने र देश विदेश घुमफिर गरेर अरबौ सक्ने खालका चरित्र यो सरकार मातहतका मन्त्री सांसद देखि प्रदेश र तल्लो स्थानिय निकायका जनप्रतिनिधि सम्म देखा परेको छ । कम्युनिष्टका लागि यस्तो भ्रष्टाचारी प्रवृति कदापी राम्रो मान्न सकिँदैन ।

दुईतिहाईको बलियो सरकार पनि भन्ने ५० वर्ष शासन गरेर देखाउँछौ पनि भन्ने अनि प्रतिगमन हुदैछ हामी खतरामा छौ भन्नुको तात्पर्य के ? लोकतन्त्र र गणतन्त्र दुवै खतरामा परिसकेका छन् भनेर प्रचण्ड र ओलीले फलाक्दै । हिडन् पर्ने कारण के ? आफ्नो गल्ती ठाकछोप गर्नका लागि विषय वस्तुलाई अन्यत्रै मोड्ने खतरनाक प्रवृत्ति सरकार भित्रै देखिएको छ । को र कहाँबाट र जसले लोकतन्त्र र गणतन्त्र माथि आवा बोल्दैछ , यस प्रश्नको उत्तर दिन ओली र प्रचण्डले दिन सकेका छैनन् ।

स्यालले कुखुरा चोरे जस्तो गरी गणतन्त्रलाई टपक्क टिपेर लैजाने स्याल प्रवृति यिनीहरुले देखेका हुन भन्ने बेलैमा गणतन्त्रका चल्ला जोगाउनुका लागि पहलकदमी सरकराले शुरु गर्दुपर्दछ । हैन भने आफ्नै पार्टी र सरकरा भित्रको काम गर्ने शैलीका कारण कुखुरा चोर्ने स्याल अन्यत्र खोज्न जानु पर्दैन । आफै भित्र छयाप्छयापी भेटिन्छन् । खतरा अन्त हैन यहिनेर छ ।

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो
हार्दिक मंगलमय शुभकामना
प्रदीप यादव
डिपो शाखा प्रमुख
अमलेखगञ्ज शाखा
नेपाल आयल निगम

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो
हार्दिक मंगलमय शुभकामना
विष्णुप्रसाद गैरे
अध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो
हार्दिक मंगलमय शुभकामना
रत्नप्रसाद गौतम
प्रबन्धक निर्देशक
खानी निर्माण सेवा
परिवार

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो
हार्दिक मंगलमय शुभकामना
लालकाजी गुवाजु
प्रबन्धक निर्देशक
अकेला निर्माण सेवा
परिवार

# माफियाले चलाएको आर्थिक तन्त्र

**शिवप्रसाद शिवाकोटी**

नेपालको अहिलेको आर्थिक अवस्था भनेको माफियाले चलाएको दलाल पुंजीवादी आर्थिक निती हो । यहाँ निम्न पुजीँवादी चिन्तनको आधारमा टेकेर दलाल पुजीँले आधिपत्य जन्माउछ । यहाँ जनताको २ प्रकारको वर्ग हुन्छ ।

१. **निम्न पुँजीवादी चिन्तनले ग्रसित-गरीब वर्ग**

२. **दलाल तथा विचौलीया वर्ग–मध्यम वर्ग**

३. **माफीया वर्ग–सासक–सामान्त ( सभ्रान्त वर्ग ।**

१) **निम्न पुँजीवादी चिन्तनले ग्रसित गरीव वर्ग**

यो वर्गको आर्थिक अवस्था कमजोर भएको गरिब वर्ग हो । यो वर्गले वाच्नका लागी अनेकौं संघर्ष गर्छ । मज्दुरी गर्छ । उत्पादन गर्छ तर उस्को कुनै पनि पहुँचमा नियन्त्रण हुदैन सधै रोग भोक र सोकले तडपीरहेको हुन्छ । न्यूनतम आवश्यकता पुरा गर्न पनि धौ धौ परेको हुन्छ । यसले न राज्यको कुनै सुविधा लिन सक्तछ । न राज्यबाट कुनै सुविधा दिइएको हुन्छ । यो वर्ग सधै न्युनतम आवश्यकता पुरा गर्न श्रम र सिप बेचिरहन्छ तर उस्को श्रम सिप र समयको मुल्यांकन अत्यन्त निम्न हुन्छ । यो वर्ग उत्पादनमा सरिक त हुन्छ तर उस्को उत्पादनको कुनै मुल्य हुदैन । उसले आवश्यक उपभोग्य वस्तु खरिदका लागी ठुलो मूल्य खर्चीनु पर्दछ र खर्ची रहन्छ । उसको चिन्ता सधै कसरी धेरै पैसा आर्जन गर्ने भन्ने हुन्छ । तर उसको कमाईबाट अरुले फाइदा लिइरहेको प्रति उ अनभिज्ञ जस्तै हुन्छ । उ सधै निम्न पुँजीवादी चिन्तन गरीरहन्छ ।

२. **दलाल पुँजीवादी तथा विचौलीया मध्यम वर्ग**

यो वर्ग श्रमलाई भन्दा पुँजीलाई बढि महत्व दिने वर्ग हो । यो वर्ग उत्पादित वस्तुमा पुँजी लगानी गरी उपभोक्ता सम्म पुर्‍याउँछ र उत्पादक र उपभोक्ता दुबैतिरबाट आम्दानी गर्छ । अहिले नेपालमा निम्न वर्ग देखि उच्च वर्ग सम्म विचौलीया छन् । यनिहरुको काम उत्पादकलाई कम मूल्य दिएर उपभोक्तालाई बढि मुल्य लिनु र बिचको नाफा आफ्नो कमाई गर्नु हो । यिनीहरु सर्वेसर्वा नै पैसा/पुँजी हुने भन्छन् र पैसा बाहेक अरु केहि देख्दैनन् ।

३. **माफीया वर्ग**

राज्यसँग पहुँच राख्ने, राज्यको श्रोत र साधन आफ्नो कब्जामा लिने र राज्यलाई केही कर तिरे जस्तो गरेर राज्यलाई दोहन गर्ने वर्गलाई माफीया वर्ग भनिन्छ । यो वर्गाले उत्पादन तथा विकृत गर्छ तर राज्यकै श्रोत साधन नै कब्जामा लिएर निजीकरण गर्दै राष्ट्रिय सम्पत्ति नै निजी बनाइदिन्छन् । अहिले नेपालको अवस्था माफीयाको कब्जामा छ र राष्ट्रको हरेक दायित्व माफीयाले कब्जा गरेर निजीकरण गरेको छ ।

समाजवाद प्राप्त गर्नको लागी सामूहिक आर्थिक प्रणालीलाई आधार मानेर समाजवादी पुँजीवादको विकास गर्दै राष्ट्रिय पञ्जी निर्माण गर्नु पर्दछ ।

सामुहिक आर्थिक विकासको आधारमा टेकेर मात्र समाजवादी पुजीको विकास गर्न सकिन्छ । दलाल पुँजीलाई आधार मान्न सकिन्न किनकि सामूहिक पुँजी र दलाल निजी पुञ्जी पुञ्जीका दुई ध्रुव्र हुन यिनीहरुले एकले अर्कोलाई निस्तेज मात्र गर्छ ।

समाजवादी पुँजीवादमा वर्ग हुँदैन । यहाँ उत्पादक, मजदुर उपभोक्ता सबैले उत्पादित वस्तुको स्वामित्व बलिन्छन र बराबरि लिन्छन् । यहाँ सबैको पुँञ्जीको अधिकार समान हुन्छ । मात्र काम बाडफाड हुन्छ ।

**समाजवादी पुजीवादको विकासका चरणहरु**

**पहिलो चरण**

**उत्पादनलाई सामूहिक गर्दै लैजाने**

हरेक उत्पादन सामूहिक हुँदै जानु पर्छ र उक्त सामुहिक लगानीमा सुरु भएको उत्पादन व्यवसायलाई राज्यले सहयोग गर्दै विस्तारै राष्ट्रियकरण गरिनु पर्छ ।

**दोस्रो चरण**

उत्पादक र विचौलीया दुवै पक्षलाई उत्पदनमा सहभागी गराउँदै उत्पादित वस्तुको निश्चित मूल्य तोकी विचौलीयालाई निश्चित रोजगारी व्यवस्थापन गरी विचौलीयाले लगानी गर्ने पुँजी उत्पादनमा लगानी गराई उत्पादनको स्वामित्व दिलाईनुपर्छ र उत्पादक र विचौलिया विचको सम्बन्ध अत्यन्त मजबुद बनाउनु पर्छ ।

सबैभन्दा कठिन कार्य नै विचौलियाको लगानी उत्पादनमा लगाउनु बस्तुको मूल्य निर्धारण गर्नु आम्दानी उत्पादक र विचौलीयाको बराबरी गर्नु नै हो ।

समाजवादी पुँजीवादको विकास भएपछि (यो लगानी कार्य) राज्य आफै हुनेछन् । लगानी राष्ट्रिय करण गरिनुपर्छ ।

**उपभोक्ता दुईप्रकारका हुन्छन्**

१. आन्तरिक

२. वाह्य

सुरुमा समुहमा रहेका उपभोक्ता आन्तरिक हुन्छन र त्यो व्यवसायसँग नजोडिएका उपभोक्तालाई वाह्य उपभोक्ता भनिन्छ ।

हरेक उपभोक्तालाई उत्पादित व्यवसायसँग जोडीन्छ र उपभोक्ताबाट पनि लगानी संकलन गरी व्यवसाय सञ्चालन गरिन्छ । जसले गर्दा उत्पादित वस्तुको स्वामितव उपभोक्तामा पनि हुन्छ । समाजवाद प्राप्ती पछि राज्यका उपभोक्ता आन्तरिक हुन्छन् भने अन्तराष्ट्रिय उपभोक्ताको मात्र स्वामित्व हुन्छ । वाह्य उपभोक्ताको हुँदैन ।

## जिरी ......

भौतिक मन्त्रालयले काम गरोस् । यसवर्षको भगवती माताले भौतिक मन्त्रालय तथा स्थानीय सरकारलाई सुबुद्धि दिउन् यही हाम्रो शुभकामना र कुने-माकपा सडकखण्ड सफा गरियोस्, यात्रुहरु सहजै गन्तव्यमा पुगुन् सबैलाई शुभयात्रा सहित २०७६ सालको विजया दशमीको हार्दिक शुभकामना ।

## मन्थलीमा ...

जानकारी गराएका हुन् । व्यापारीहरुले व्यापार राम्रो नभएको र उक्त माग पूरा गर्न नसक्ने जनाएपछि असोज १० गते शुक्रवारबाट स्थानीय व्यापारीहरुलाई उनीहरुले आफ्नै सटरमा झुण्डियाइ राखेको कपडाहरु, आफ्नै घरमा टाँसेर राखेका होडिङ बोडहरु जबरजस्ती नगर प्रहरीलगाएर आतंक मच्चाउदै लिएर गएका छन् । त्यो अवस्था देखेर मन्थली नगरपालिकावासीहरु नगरप्रमुखको हर्कत देखेर यतिबेला त्रसितमात्र होइन बिगतमा दशथरी पार्टी बदल्दै स्थानीय निर्वाचनमा मात्र एमाले पार्टीको टिकट लिएर चुनाव जितेका बस्नेतलाइ भोट हालेर जिताउनु पनि महाभुल भएको भन्दै चोक चोकमा ब्यापारी स्थानीय नागरिकहरुले गफ गरेको सुनिन्छ ।

**गुण्डागर्दी तरिकावाट ब्यापारीको सामान जफत**

स्थानीय ब्यापारीको सामान जफत गर्न नगरप्रमुखले विगतमा गुण्डागर्दीमा लागेका र चुनावको बेलामा एमाओवादीवाट टिकट लिइ २०७४ को स्थानीय चुनावमा मन्थली नपा वडा न १ का वडाअध्यक्ष जितेका नारायण श्रेष्ठलाई अगाडि लगाइ गुण्डागर्दी तरिकामा नै नगर प्रहरीको गाडी अगाडी अगाडी नारायण श्रेष्ठलाइ लगाएर स्थानीयहरुको भूकम्पले क्षति भएका पुनर्निर्माण गर्दै गरेका घर बनाउने सामग्रीहरुसमेत उठाएर लिएर गएको भन्दै स्थानीयहरु ग्वाग्वा रोइरहेका थिए भने वडा न १ का वडाअध्यक्ष नारायण श्रेष्ठको नेतृत्वमा एक हुल केटाहरु सहभागी थिए स्थानीयबासीहरुलाइ हप्काउदै स्थानीयवासीमाथि हातपात गर्न खोज्दै थिए तर स्थानीयहरुको भीड ठूलो भएको कारण हातपात गर्न पछि हटेको प्रत्यक्ष देख्न सकिन्थ्यो ।

**पटक पटक विवादमा मेयर**

**मन्थली नगरपालिकाका मेयर रमेश बस्नेत**

केही समय अगाडी पनि विवादमा आएका थिए । नगरभित्र चरम खानेपानीको अभाव हुदाहुदै अन्य कमिशन आउने योजनामा मात्र बजेट विनियोजन गरेको भनेर वडा अध्यक्षहरुले र उपमेयरले विरोध गर्दा उपमेयर, वडाअध्यक्षहरु प्रति अमर्‍यादित भइ प्रस्तुत भएपछि नगरसभाको वैठकमा नै हानहान भएको थियो यसवाट पनि के बुझ्न सकिन्छ भने मेयर बस्नेतको काम गराइ र स्थानीयको भावना बिपरित भएको कारण वेलावेलामा मन्थली नपामा स्थानीयको आक्रोश बढ्दै गएको देखिन्छ । यसले निकट भविष्यमा नेकपाको पार्टीलाइ समेत तिलान्जली नदेला भन्न सनिदैन ।

त्यसैको उदारणको रुपमा मन्थली नगरपालिकाका वडा न. १० का भरत बोहोरा १२ न . वडा अध्यक्ष कृष्णहरि अधिकारी माथि मेयर बढी आक्रमक देखिन्छन किनकी भरत बोहोरा र कृष्णहरि पूर्व नेकपा एमाले भएको र उनिहरुले पार्टीको आस्था, विचार लाइन जनतालाइ चुनावको वेला पार्टीले गरेको वाचा पुरा गर्नुपर्ने भन्दै वैठकहरुमा कुरा उठाउदै आएकाछन् । त्यसकारण पनि मेयर विवादमा तानिइरहेका छन् नगरपालिका वडा न. ५ का वडाअध्यक्ष राम कार्कीसँग बस्नेतको नगरपालिका वैठकमा गिलास हानाहान नै भएको थियो । ५ न. वडा अध्यक्ष हुविल चियरमा हिडछन् । राम कार्कीको भनाइलाइ आधार मान्ने हो भने मेयरले पेल्न सक्ने जतिलाइ कसैलाइ बाकी नराख्ने गरेको हामीलाइ त्यतिवेलै बताएका थिए ।

**मंगलमय शुभकामना**

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

सुरेन्द्र राज पौडेल
प्रबन्धक निर्देशक
एलिट कन्स्ट्रक्सन कम्पनी
परिवार

**मंगलमय शुभकामना**

क्यासिनो प्राइड तथा क्यासिनो प्यालेस व्यवस्थापनको तर्फबाट सम्पूर्ण शुभचिन्तक साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दिदी बहिनी तथा दाजुभाई हरुमा २०७६ सालको विजया दशमी, शुभ दीपावली, छठको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

Casino Pride NEPAL
परिवार

**मंगलमय शुभकामना**

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

बहादुर सिंह लामा
प्रबन्धक निर्देशक
हिमदुङ एण्ड थोकर कन्स्ट्रक्सन प्रा.लि.
तथा
केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा सांसद
नेपाली काँग्रेस

**मंगलमय शुभकामना**

बडा दशैं २०७६ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना

गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागु गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

प्रेमबहादुर तामाङ
अध्यक्ष

मखमली श्रेष्ठ
उपाध्यक्ष

खाँडादेवी गाउँपालिका
रामेछाप

**मंगलमय शुभकामना**

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

नेपाल औषधी उत्पादक संघ
परिवार

# गैरीधारामा इसुजुको नयाँ सोरुम सञ्चालनमा

काठमाडौं । राजधानीको गैरीधारामा जापानी गाडी इसुजुको नयाँ सोरुम खुलेको छ । नेपालका लागि इसुजु गाडीको अधिकृत वितरक कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज प्रालिले सञ्चालनमा ल्याएको उक्त सोरुमको उद्घाटन नेपालका लागि जापानी राजदूत मासामिची साइगोले शुक्रबार गर्नुभएको हो ।

यो नेपालमा इसुजुको ११औं सोरुम हो । उद्घाटन समारोहमा इसुजु इन्डियाका डेपुटी म्यानेजिङ डाइरेक्टर केन ताकासिमाको पनि उपस्थिति थियो ।

सोरुम उद्घाटन समारोहलाई सम्बोधन गर्दै कन्टिनेन्टलका चेयरम्यान सुहृदराज घिमिरेले उक्त कम्पनीले इसुजुका चार मोडलका गाडी नेपाल भित्र्याएको जानकारी गराउनुभयो । इसुजुका ग्राहकलाई गाडी बिक्रीपछि प्रभावकारी सेवा र पार्टपुर्जा उपलब्ध गराउन कम्पनीले देशभरीमा १५ वटा वितरण तथा सर्भिस नेटवर्क विस्तार गरिसकेको पनि घिमिरेले बताउनुभयो ।

वितरण र सर्भिस नेटवर्क अझै विस्तार गर्दै जाने कम्पनीको योजना छ । इसुजुका गाडीहरु निकै बलिया मानिन्छन् । सन् २०१७ यता कम्पनीले नेपालमा हजारभन्दा बढी गाडी बेचिसकेको र ग्राहकहरु निकै सन्तुष्ट रहेको पाइएको छ । कन्टिनेन्टलले नेपालमा इसुजुका दुई हजार गाडी बेच्ने लक्ष्य राखेको छ । त्यसका लागि देशभर सर्भिस सेन्टर खोल्ने र नयाँ मोडलका गाडीहरु ल्याउने कम्पनीको योजना छ ।

हाल नेपालमा उपलब्ध इसुजुका गाडीमा सुरुआती मूल्य २४ लाख ९० हजार तोकिएको सिंगल क्याब, ४४ लाख ९० हजार पर्ने एस क्याब (S Cab), ६८ लाख ९० हजार पर्ने भी-क्रस२.५ (V-Cross 2.5) र जिप भेरिएन्टको एसयुभी मक्स (MU-X) गाडी छन् । मक्सको मूल्य एक करोड ४४ लाख ९० हजार तोकिएको छ ।




इसुजु नेपालमा सबैभन्दा बढी वारेन्टी दिने ब्रान्डमा पर्छ । इसुजुका सबै मोडलमा तीन वर्ष वा एक लाख किलोमिटरको वारेन्टी छ । डिजेल इन्जिनमा इसुजु विश्वविख्यात कम्पनी हो । यसका डिजल इन्जिनहरु असाध्यै बलिया मानिन्छन् ।

ग्राहकको सन्तुष्टिलाई उच्च प्राथमिकता दिएर कारोबार गर्ने कम्पनीको प्रतिबद्धता छ । इसुजुको भारत र थाइल्यान्ड प्लान्टमा एसेम्बिङ भएका गाडी कन्टिनेन्टलले नेपालमा बिक्री-वितरण गर्छ ।

कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेजले यो वर्षभित्रै सर्भिस नेटवर्क १९ बनाउने र अर्को वर्षसम्ममा प्रत्येक ५० देखि १०० किलोमिटरको दुरीमा एउटा सर्भिस प्वाइन्ट खोल्ने व्यवस्था मिलाइरहेको छ ।

**इसुजु बारे**

इसुजु मोटर्स लिमिटेड जापानी कमर्सियल भेइकल र डिजेल इन्जिन निर्माता कम्पनी हो । यसको प्रधान कार्यालय जापानको राजधानी टोक्योमा छ । एक सय तीन वर्ष पुरानो यो कम्पनीले इसुजु ब्रान्डमा कमर्सियल भेइकल र डिजेल इन्जिन उत्पादन र मार्केटिङ गर्छ । यसका भेइकल उत्पादन प्लान्ट विश्वका विभिन्न २८ देशमा देशमा छन् । एक शताब्दीको अवधिमा इसुजुले दुई करोड ८० लाख थान डिजेल इन्जिन उत्पादन गरिसकेको छ ।

कम्पनीले झण्डै आठ दशक डिजेल इन्जिनको अध्ययन, अनुसन्धान र उत्पादनमा बिताएको छ । जसले गर्दा यसलाई डिजेल इन्जिनको प्राविधिक नविनतामा विश्वकै अग्रणी कम्पनी मानिन्छ ।

**कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज प्रालिबारे**

न्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज प्रालि दुई दशकभन्दा बढी समयदेखि नेपालमा विश्वविख्यात ब्रान्डका गाडी र हेभी उपकरणको कारोबारमा संलग्न छ । यसले कोमास्तु ब्रान्डको निर्माण र माइनिङ उपकरण, कियाको प्यासेन्जर भेइकल, ओटिस ब्रान्डको इलेभेटर, फुरुकावा ब्रान्डको ड्रिलिङ उपकरण, इसुजु ब्रान्डका गाडी लगायतको कारोबार गर्छ ।

विभिन्न उत्पादन कम्पनीहरुमा समेत लगानी गरेको कन्टिनेन्टल ग्रुपअन्तर्गत वित्त र हाउजिङ कम्पनी पनि छ । गुणस्तरीय वस्तु र सेवा प्रदान गर्ने लक्ष्य लिएको कन्टिनेन्टल ग्रुप अहिले नेपालको सुप्रसिद्ध व्यापारिक घरानामध्येको एक बनिसकेको छ ।

# सामुदायिक विद्यालयमा छुट्टै पहिचान बनाउन सफल शिवपुरी मावि ७१ औं वर्षमा

काठमाडौं । सामुदायिक विद्यालयमा छुट्टै पहिचान बनाउन सफल काठमाडौं महाराजगञ्जस्थित शिवपुरी माध्यमिक विद्यालय ७१ औं वर्षमा प्रवेश गरेको छ । शुक्रवार भव्य कार्यक्रम गरी विद्यालयले आफ्नो ७१ औं वार्षिकोत्सव मनाएको हो ।

पछिल्लो दिनमा शैक्षिक र भौतिक फड्को मार्दै आएको यस सामुदायिक विद्यालयको ७१ औं वार्षिकोत्सव शुक्रवार उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले उद्घाटन गरेका हुन् । यस अघि विद्यालयले उक्त अवसरमा साताव्यापी सांस्कृतिक तथा खेलकुद कार्यक्रम आयोजना गरेको थियो ।

वार्षिकोत्सव कार्यक्रमको उद्घाटन गर्दै उपप्रधान तथा रक्षामन्त्री पोखरेलले सबै सामुदायिक विद्यालयहरुलाई प्राविधिक शिक्षालयहरुमा रुपान्तर गर्नुपर्ने बताए । अब सामुदायिक विद्यालयबाट उत्तीर्ण भएका विद्यार्थीहरुले कम्तिमा केहि न केहि शीप, केही श्रम सम्बन्धी ज्ञान र कुनैनकुनै रोजगारीसँग सम्बन्धीत ज्ञान लिएकै हुनुपर्ने व्यवस्था गर्ने सरकारले तयारी गरिरहेको पोखरेलले बताए ।

अब सामुदायिक विद्यालयहरु राष्ट्रिय आवश्यकता पुरा गर्ने दिशामा अगाडि बढ्नुपर्नेमा जोड दिँदै उनले समृद्ध नेपालको सपना सामुदायिक विद्यालयको सवलीकरणबाट मात्रै सम्भव भएको बताए । मुलुकभर सामुदायिक विद्यालयहरुको स्थिति त्यति सुधारात्मक हुन नसकिरहेको अवस्थामा शिवपुरी जस्ता केही उम्दा विद्यालयहरुले आफ्नो मिहिनेतले प्रगति गरेर देखाएका उनको भनाइ थियो । आफू निर्वाचित क्षेत्रकै विद्यालय भएकाले पनि शिवपुरीको हरेक आवश्यकता पुरा गर्न आफूले सक्दो पहल गर्ने उनले बताए ।




कार्यक्रममा शिक्षा समन्वय इकाइकाठमाडौंका प्रमुख नन्दलाल पौडेलले शिवपुरी विद्यालयले आफ्नै मिहिनेतले अनुकरणीय सुधार गर्दै अन्य विद्यालयहरुलाई नेतृत्वगर्न सफल भएकोमा बधाइ दिए । शिवपुरीको कक्षा ११ को नतिजा मुलुकका कुनैपनि टप निजी विद्यालयको भन्दा कम नभएकाले नामका पछाडि नलागि यसै विद्यालयमा छोराछोरी पढाउन अभिभावकहरुसँग उनको आग्रह थियो ।

अब आँगन अगाडिको विद्यालय छाडेर ७ बजे नै टाढाको स्कूल बसमा छोराछोरी चढाउन छाड्नुस्, यो विद्यालय कोही भन्दा कम छैन । पौडेलले भने ।

विद्यालयका प्रधानाध्यापक दिवाकर दूरदर्शीले विद्यालयले विभिन्न चुनौतिहरुका बीचपनि शैक्षिक र भौतिक सुधार गर्दै अगाडि बढिरहेको बताए । हाल विद्यालयमा सूचनाप्रविधियुक्त र योजनाबद्ध शिक्षण सिकाइ हुँदै आएको, हरेक कक्षामा सिसिटिभि र स्मार्टबोर्डको व्यवस्था गरिएको उनको भनाइ थियो । विद्यालयले अतिरिक्त क्रियाकलापमा समेत ध्यान दिने गरेको भन्दै यस वर्ष मात्रै ५० बढी विद्यार्थीहरु विभिन्न अतिरिक्त क्रियाकलापमा उत्कृष्ट भइ पुरस्कृत भइसकेका जानकारी दिए ।

विद्यालयले विव्यस सदस्य एवं शिक्षकहरुलाई अन्य राम्रा विद्यालयहरुको भ्रमण गराई राम्रा अभ्यासहरु सिकेर लागु गर्ने गरेको, वातावरण संरक्षण, सरसफाइ, वृक्षारोपण, स्वास्थ्य, जनचेतना आदिमा समेत काम गर्दै आएको उनको भनाइ थियो । कक्षाकोठा र किताबमा सिमित सिकाइलाई बृहत बनाइएको, वर्षेपिच्छे शैक्षिक सामग्री प्रदर्शनीको आयोजना गरी विद्यार्थीहरुको प्रतिभा प्रस्फुटनको प्रयास गरिँदै आइएको उनको भनाइ थियो ।

विद्यालयलाई भर्खरै शिक्षा दिवको अवसरमा नगरभित्रको उत्कृष्ट व्यवस्थापन र सिकाइ उपलब्धी भएको सर्वोकृष्ट विद्यालय भन्दै काठमाडौं महानगरपालिकाले शिवपुरीलाई नगद, सिल्ड, ध्वजा र प्रमाणपत्रसहित पुरसकृत गरेकोसमेत प्रअ दूरदर्शीले जानकारी दिए ।

वार्षिकोत्सव कार्यक्रममा विद्यालयलाई आर्थिक र भौतिक सहयोग गर्ने एलसीसी बैंक लगायतका संस्था, उत्कृष्ट नतिजा ल्याउने विषयका शिक्षक एवं विद्यालयलाई चासो र सहयोग गर्ने अभिभावकहरुलाई सम्मानित गरिएको थियो । यस्तै साताव्यापि खेलकुद र अन्य अतिरिक्त क्रियाकलापमा उत्कष्ट विद्यार्थीहरुलाई पुरस्कृत गरिएको थियो ।

कार्यक्रममा प्रदेशसभा सदस्य दिपक केसी, विभिन्न छिमेकी विद्यालयका प्रअहरुको बाक्लो उपस्थिति रहेको थियो ।

## बैकिङ्ग संसार

# एन आई सी एशिया बैंकको २२औं वार्षिक साधारण सभा सम्पन्न




काठमाडौं । एन आई सी एशिया बैंक लि.को २२औं वार्षिक साधारण सभा आज मिति २०७६ आश्विन १० गते आर्मी अफिसर्स क्लब भद्रकाली, काठमाडौंमा बैंकका संचालक समितिका अध्यक्ष तुलसीराम अग्रवालज्यूको अध्यक्षतामा सम्पन्न भएको छ। उक्त साधारणसभाले चुक्ता पूँजीको २१.०५२६ प्रतिशतका दरले रु. १ अर्ब ८५ करोड ९८ लाख ३७ हजार ६ सय एक्काईस (रु.१,८५,९८,३७,६२१) लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ । जसमध्ये १० प्रतिशतका दरले हुन आउने रु. ८८ करोड ३४ लाख २२ हजार ८ सय सत्तरी (रु. ८८,३४,२२,८७०) बोनस शेयर र ११.०५२६ प्रतिशत हुन आउने रु. ९७ करोड ६४ लाख १४ हजार ७ सय ५१ (रु. ९७,६४,१४,७५१) नगद लाभांश (कर प्रयोजनार्थ समेत) वितरण गर्ने प्रस्ताव पारित गरेको छ । सभाले बैंकको पूँजी वृद्धिको प्रस्ताव पारित गरेको छ । यसबाट बैंकको चुक्ता पूँजी रु ९ अर्ब ७१ करोड ७६ लाख ५१ हजार ५ सय ६८ पुगेको छ ।

यस बैकमा D-MAT खाता हुने शेयरधनी महानुभावहरुलाई आजकै मितिबाट नगद लाभांश भुक्तानी गर्न शुरु गरिसकिएको तथा D-MAT खाता नहुने शेयरधनीहरुले यथाशीघ्र D-MAT खाताको लागि बैंकको शेयर रजिष्ट्रार एन आई सी एशिया क्यापिटल तथा बैंकको नजिकैको शाखा कार्यालयमा सम्पर्क गर्न अनुरोध गरिएको छ ।

बैंकलाई आमजनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंक प्रतिको भरोसाले गर्दा यस बैंकको मुलुकभर ३०१ शाखा कार्यालयहरु, ३६२ एटिएम, ७० वटा एक्स्टेन्सन काउण्टर एवं ४१ वटा शाखारहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन सफल भएको छ । करिब १८ लाख ग्राहक महानुभावहरूका साथ सञ्चालनमा रहेको यस बैंकका प्रमुख वित्तीय परिसूचकहरु अत्यन्त उत्साहप्रद रहेका छन् । उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै आएको यस बैंकले प्रत्यक्ष र अप्रत्यक्ष गरी गत आर्थिक वर्षमा करिब ३ अर्ब १५ करोड रुपैयाँ भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ भने वित्तीय समावेशीकरणका लागि बैंक तथा वित्तीय संस्थाहरुको न्यून उपस्थिति रहेका मुगु, कालिकोट, बझाङ, रुकुम, जुम्ला, सल्यान लगायतका दुर्गम जिल्लाहरु तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरु नपुगेका ३४ भन्दा बढी स्थानीय निकायहरुमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ ।

# सांग्रिला डेभलपमेन्ट बैंक र नेपाल क्यान्सर हस्पिटल बिच सम्झौता

**काठमाडौं ।** सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड र नेपाल क्यान्सर हस्पिटल, हरिसिद्धि, ललितपुर बिच बैंकका कर्मचारी, कर्मचारीका परिवार,



बैंकको डेबिट कार्डवाहक तथा बैंकका सम्पुर्ण ग्राहकवर्गहरुलाई नेपाल क्यान्सर हस्पिटलमा उपचार गराउँदा हस्पिटलको विभिन्न सेवा सुविधाहरुमा १०% सम्मको छुट प्रदान गर्ने गरि सम्झौता भएको छ । उक्त सम्झौतापत्रमा बैंकको तर्फबाट बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सुयोग श्रेष्ठज्यू र हस्पिटलको तर्फबाट नेपाल क्यान्सर हस्पिटलका कार्यकारी अध्यक्ष डा. श्री सुदिप श्रेष्ठज्यूले हस्ताक्षर गर्नुभयो । सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले आफ्ना ग्राहकवर्गहरुलाई देशभरि रहेका ८७ वटै शाखाहरुबाट विभिन्न प्रकारका बैंकिङ्ग सुविधाहरु दिँदै आएकोमा यस सम्झौता अनुसार यस बैंकका ग्राहक महानुभावहरुले नेपाल क्यान्सर हस्पिटलले प्रदान गर्ने स्वास्थ्य सम्बन्धी विभिन्न उपचारहरुमा छुट प्राप्त गर्न सक्नुहुनेछ । आफ्ना ग्राहकवर्गहरुलाई यो सुविधाको थालनी गरेको यसै प्रेस विज्ञप्ती मार्फत सहर्ष जानकारी गराउंदछौं ।

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

बच्चु पौडेल
अध्यक्ष
हिमालय सिमापार बाणिज्य संघ
परिवार

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

श्री पशुपति हार्डवेयर
शहिदचोक, नारायणगढ

# अटो एभ प्रालिले दशौं वार्षिकोत्सव मनायो




काठमाडौं । सुजुकी गाडीको काठमाडौंका लागि पहिलो आधिकारिक सर्भिस सेन्टरको रुपमा स्थापित अटो एभ प्रालिले शनिबार दशौं वार्षिकोत्सव मनाएको छ । सो अवसरमा आयोजित विशेष कार्यक्रममा लामो समयदेखि कार्यरत कर्मचारीका साथै विशिष्ट ग्राहकहरुलाई सम्मान गरिएको छ ।

सो अवसरमा अटो एभलाई शुभकामना प्रदान गर्दै प्रमुख अतिथि नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका उपाध्यक्ष कृष्णप्रसाद दुलालले अटो एभको व्यवसाय देशभर व्यवसाय देशभर फैलियोस् भन्ने कामना गरे । उनले अटोमोबाइल व्यवसायले प्रदान गर्ने राजस्वका कारण नै सरकार सञ्चालन गर्न सहज भएको बताउदै अटोमोबाइल व्यवसायीहरुलाई समेत राज्यले सम्मान गर्ने वातावरण बनाउनु पर्ने बताए ।

नेपाल अटो मेकानिक्स व्यवसायी संघका अध्यक्ष ठाकुरप्रसाद न्यौपाने, माउन्टेन स्पोर्ट्स फेडरेसनका अध्यक्ष गोविन्द भट्टराई, नाडाका सचिव अनुप बराल र अन्य विभिन्न महानुभावहरुले वार्षिकोत्सवको अवसरमा बधाई ज्ञापन गर्नुका साथै भविष्यमा समेत सफलताको शुभकामना प्रदान गरे ।

सुजुकी गाडीको आधिकारिक वितरक सीजी होल्डिङ्स अन्तर्गतको सीजी मोटोकर्पका आफ्टर सेल्स सर्भिसका डीजीएम श्याम श्रेष्ठले अटो एभमा हाल मासिक रुपमा औसत ४ सय गाडी सर्भिसिङ हुने गरेको बताउदै यसको सबै श्रेय अटो एभको व्यवस्थापन र कर्मचारीहरुलाई जाने बताए । अटो एभले ९१ प्रतिशत लक्ष्य हासिल गरेको जानकारी दिदै उनले यहाँ उपलब्ध ह्विल एलाइनमेन्ट, डाइग्नोस्टिक टुल्स देखि लिएर विभिन्न इक्विपमेन्ट मात्र नभएर दक्ष कर्मचारीकै कारण ग्राहकको मन जित्न सफल भएको धारणा ब्यक्त गरे ।

अटो एभका म्यानेजिङ डाइरेक्टर मधुसूदन सिग्देलले ग्राहक र मेकानिक्सहरुको साथ सहयोगले नै दशौं वार्षिकोत्सव मनाउन सफल भएको बताउदै सबैलाई धन्यवाद ज्ञापन गरे । अटो एभका डाइरेक्टर दीपेन्द्र डंगोलको स्वागत मन्तव्यबाट प्रारम्भ भएको कार्यक्रममा अटो एभमा लामो समय देखि कार्यरत टेक्निसियनका साथै मूल्यवान ग्राहकहरुलाई सम्मान गरिएको थियो ।

काठमाडौं महानगरपालिका वडा नम्बर ७ का अध्यक्ष शुद्धकुमार डंयोल र अटो एभका म्यानेजिङ डाइरेक्टर मधुसूदन सिग्देलले अनाथहरुको सेवाका लागि कार्यरत प्रणवानन्द आश्रमलाई २१ हजार १ रुपैयाँको चेक हस्तान्तरण गरे । मधुसूदन सिग्देल, दीपेन्द्र डंगोल र दीलिप सिग्देलको सहकार्यमा सुजुकीको आधिकारिक सर्भिस सेन्टरको रुपमा काठमाडौंको मित्रपार्कमा अटो एभको स्थापना २०६६ सालमा भएको कार्यक्रममा जानकारी दिइएको थियो ।

## मृगौलारोगी रामकुमारी सिङ्गकलाई युकेबाट सहयोग

ललितपुर । सिङ्गक समाज युकेले मृगौला रोगी रामकुमारी सिङ्गक



(अमृता) लाई १ लाख ११ हजार सहयोग प्रदान गरेको छ । शुक्रबार ललितपुरस्थीत सुमेरू अस्पतालमा सिङ्गक समाज, केन्द्रीय समितिका सचिव मीना सिङ्गकबाट विरामीलाई प्रदान गरिएको हो ।

सहयोग प्रदान गर्दै सिङ्गक समाजकी सचिव मीना सिङ्गकले विरामीको परिवारले कुनै सहयोगको आव्हान नगरेता पनि समाज आफैले बुझेर सहयोग गरेको बताइन् । सिङ्गक परिवारको छोरी ज्वाईलाई समेत सहयोग गर्दै आएको समाजले केही समयअगाडि छोरीचेली ज्वाई क्यान्सरपीडित भक्तराज खापुङलाई सिंगक समाज हङकङले सहयोग प्रदान गरेको थियो ।

प्रेसरको विरामी रहेकी ४१ वर्षिय रामकुमारीको गत फागुनदेखी मृगौला फेल भएको हो । विरामीकी आमा पदमकुमारी यक्सोले विरामीबारे जानकारी दिँदै सहयोग गर्ने सम्पूर्णमा धन्यवाद व्यक्त गरेकी थिइन् । तीन सन्तानकी आमा रामकुमारीलाई आफ्नै श्रीमान याम मुसाहाङ लिम्बुले मृगौलादान गरेका थिए । मर्दा पनि सँगै मरौ, बाँच्दा पनि सँगै मरौ भनेरै मृगौलादान गरेको श्रीमान याम मुसाहाङले बताए । विरामी रामकुमारी पनि सहयोग गर्नेहरूलाई धन्यवाद व्यक्त गरेकी थिइन् । तेह्रथुमको जलजले निवासी मुसाहाङ तथा सिङ्गक परिवार हाल धरानमा बस्दै आएका छन् ।

मंगलमय शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७६ को पावन अवसरमा हाम्रा समस्त दाजुभाई, दिदी बहिनी तथा शुभ चिन्तकहरुमा श्री दुर्गा भवानी तथा श्री लक्ष्मीले समृद्धि प्रदान गरुन् भन्दै असत्य माथि सत्यको विजय भएको खुशियालीमा

हार्दिक मंगलमय शुभकामना

नेपाल निर्माण व्यवसायी महासंघ
परिवार

मंगलमय शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७६ को पावन अवसरमा हाम्रा दाजुभाई, दिदी बहिनी तथा शुभ चिन्तकहरुमा श्री दुर्गा भवानी तथा श्री लक्ष्मीले समृद्धि प्रदान गरुन् भन्दै असत्य माथि सत्यको विजय भएको खुशियालीमा

हार्दिक मंगलमय शुभकामना

जेबी केरुङ
सदस्य सचिव
जेष्ठ नागरिक कोष
भृकुटीमण्डप, काठमाडौं

मंगलमय शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७६ को पावन अवसरमा हाम्रा समस्त विद्यार्थी, अभिभावक, शिक्षक तथा दाजुभाई, दिदी बहिनी तथा शुभ चिन्तकहरुमा श्री दुर्गा भवानी तथा श्री लक्ष्मीले समृद्धि प्रदान गरुन् भन्दै असत्य माथि सत्यको विजय भएको खुशियालीमा

हार्दिक मंगलमय शुभकामना

मध्यविन्दु स्काइलाइन एकेडेमी
कावासोती-५, नवलपुर
(खेल्दै पढ्दै, पढ्दै खेल्दै)

मंगलमय शुभकामना

विजया दशमी तथा शुभ दिपावली २०७६ को पावन अवसरमा हाम्रा समस्त नगरवासी दाजुभाई, दिदी बहिनी तथा शुभ चिन्तकहरुमा श्री दुर्गा भवानी तथा श्री लक्ष्मीले समृद्धि प्रदान गरुन् भन्दै असत्य माथि सत्यको विजय भएको खुशियालीमा

हार्दिक मंगलमय शुभकामना

कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालयको अनुरोध

१) ''सबै प्रकारको हिंसा त्यागौं''
हिंसा मुक्त नगरको सिर्जना गरौं ''
२) जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता घटना घटेको ३५ दिनभित्र नजिकको वर्डा कार्यालय गई दर्ता गराउनु हुन ।
३) नगरसभाले निर्धारण गरेको कर नगरकार्यपालिकाको कार्यालयमा गई समया नै कर तिरौं, सभ्य नागरिकको परिचाय दिऔं ।
४) कालिका नगरपालिका क्षेत्रभित्र विभिन्न व्यवसाय संचालनमा रहेका सम्पूर्ण व्यवसायीहरुलाई समयमा नै आआफ्नो व्यवसाय समयमा नै नगरपालिकामा दर्ता गरौं, जरिवानाबाट बचौं ।
५) चितवन जिल्लामा राष्ट्रिय परिचय-पत्र वितरण गर्ने कार्यक्रम शुरु भएकोले नगरक्षेत्रका बासिन्दाहरुलाई पारिवारिक विवरण उपलब्ध गराउनु हुन ।

# नागढुङ्गामा अब त्यस्तो जाम हुँदैन, ढुक्कले यात्रा गर्नुस् : ट्राफिक प्रहरी

काठमाडौं । केही दिनअघि काठमाडौँको नागढङ्गादेखि धादिङको नौबिसेसम्म गाडीको ठूलो लाइन लाग्दा यात्रु नराम्ररी प्रभावित भए । यहाँको २०/२५ किलोमिटरको बाटो पार गर्न यात्रु घण्टौँसम्म कुर्न बाध्य भए ।

यात्रु शान्ति अधिकारीले गल्छीबाट नागढुङ्गा उत्रिन नौ घण्टा लागेको तीतो अनुभव सुनाउनुभयो । सामाजिक सञ्जालमा यात्रुको आक्रोश पोखिएका 'स्टाटस'ले भरिएका थिए । अस्तव्यस्त भएपछि सरकारले जाम हटाउन प्रहरीलाई निर्देशन नै दिनुपर्‍यो । त्यो देख्दा यसपालिको दशैं सास्तीमै बित्ने त होइन भन्ने आशङ्का भइरहेका बेला महानगरीय ट्राफिक प्रहरी महाशाखाले भने सबै समस्या हल भइसकेको र अब त्यस्तो समस्या नहुने भन्दै नागरिकलाई आश्वस्त पारेको छ ।

"आइतबार बिहानको अवस्था भन्नुपर्दा नागढुङ्गामा सबै सहज छ, गाडी क्युमा समेत छैन, अब ढुक्कसँग यात्रा गर्दा हुन्छ, कुनै अकल्पनीय घटनाबाहेक समस्या हुने छैन", महाशाखाका प्रहरी उपरीक्षक रविराज पौडेलले भन्नुभयो । उहाँका अनुसार अब विस्तारै उपत्यकाको चाप घट्दो क्रममा छ । खुसी र उमङ्गको चाड बडादशैं आजदेखि औपचारिक रुपमा शुरु भएको छ । यो उमङ्ग तबसम्म रहिरहन्छ, जबसम्म नेपाली सहज रुपमा आ-आफ्नो घरसम्म पुग्न सक्छन् । त्यो अवस्थामा पुऱ्याउनका लागि ट्राफिक प्रहरी अहोरात्र खटिएको छ भन्नुहुन्छ, महाशाखा प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भीमप्रसाद ढकाल ।

ट्राफिक प्रहरीका अनुसार अघिल्लो हप्ता केही दिन नियमित वर्षा भयो । नागढुङ्गा तलको ढलान गरिएको सडकमा गाडी चिप्लिएर रोकिए, त्यही समयमा केही गाडीहरु बिग्रिँदा यात्रुले जामको समस्या झेल्नुपर्‍यो । रातभरको प्रयाससमेत सफल नहुँदा उत्पन्न समस्या शनिबारबाट भने हटेको प्रहरीले दाबी गरेको छ ।

महाशाखाका प्रमुख ढकालले यो क्षेत्रमा ४० भन्दा बढी प्रहरी खटाइएको र गाडी तान्ने दुई वटा र्‍याकरसमेत तयारी अवस्थामा राखिएको जानकारी दिनुभयो । उक्त र्‍याकरको ४० टनसम्मका गाडी तान्ने क्षमता छ । यातायात सहज पार्न महाशाखाले प्रहरी निरीक्षककै नेतृत्वमा १० जना छुट्टै ट्राफिक प्रहरी खटाएको छ ।

यस्तै आठ जना ट्राफिक प्रहरी मोटरसाइकल गस्तीमा सक्रिय छन् । उनीहरुले उक्त सडकमा ओभरटेक गर्न नदिने र ओभरटेक गरेमा तत्कालै कारवाही गर्नेछन् । धादिङबाट समेत प्रहरी परिचालन गरिएको छ । आजबाट प्रहरी उपरीक्षक पौडेलले भन्नुभयो ।

आइतबार घटस्थापनासँगै उपत्यकामा स्कूल/कलेज बन्द भएकाले चापको समस्या कम हुने प्रहरीको अनुमान छ । तर पनि मुख्य व्यापारिक क्षेत्र र चोकमा भने गाडीसँगै मानवीय चाप बढी भएकाले त्यसको व्यवस्थापनमा प्रहरी खटाइएको महाशाखाले जनाएको छ ।

व्यापारिक क्षेत्रमा साँझको समयमा बढी मानवीय चाप रहेकाले त्यस क्षेत्रमा क्युमा केही गाडीहरु रहने गरेका छन् । उपत्यकाको सवारी व्यवस्थापन गर्न प्रहरीले ३६८ स्थानमा सवारी जाँच गरिरहेको छ । यसअघि ७५० ट्राफिक प्रहरी खटिएकामा अहिले ४३० प्रहरी थप खटाइएको छ । बसपार्क विभिन्न नाकाका १५ स्थानमा विशेष चेकजाँच भइरहेको छ ।



अत्यावश्यक सामान बोकेका बाहेक ठूला लहरी तथा ट्रकहरुलाई सात दिनका लागि आवागमन रोकेको प्रहरीले जनाएको छ ।

**एकै दिन एक लाख ५६ हजार यात्रु बाहिरिए**

प्रहरीका अनुसार गएको आइतबार मात्रै उपत्यकाबाट एक लाख ५६ हजार यात्रु बाहिरिएका छन् भने ६० हजार यात्रु भित्रिएका छन् । आठ हजार गाडी भित्रिए भने १३ हजार गाडी बाहिरिए । "यसले के देखाउँछ भने आइतबारबाट उपत्यकाको चाप घट्दो छ भन्न सकिन्छ",

मादक पदार्थ सेवन (मापसे)विरुद्ध कडाइका साथ जाँच भइरहेको बताउँदै महाशाखाका प्रहरी वरिष्ठ उपरीक्षक ढकालले भन्नुभयो, "अब कसैले मापसे गरेर गाडी चलाउँछु भन्ने नसोचे हुन्छ ।" मन्दिरमा पूजाआजा गर्ने स्थान र किनमेल गर्ने न्युरोड जस्ता स्थानमा बढी चाप छ, शुभकामना आदानप्रदान कार्यक्रमहरु बढेका छन्, त्यसतर्फ हामीले निगरानी बढाएका छौँ," ढकालले भन्नुभयो ।

प्रहरीको सक्रियताले अहिले दैनिक १६ देखि १७ सयसम्म कारवाहीमा पर्ने गरेको उहाँले बताउनुभयो । "अब नागढुङ्गा क्षेत्रमा अस्तिको जस्तो जाम हुँदैन, ढुक्कसँग यात्रा गर्दा हुन्छ, केही समस्या परे प्रहरीलाई भन्नुहोला, प्रहरीले सहयोग गर्ने छ", महाशाखा प्रमुख ढकालले थप्नुभयो । ट्राफिक सचेतना, जानकारी र व्यवस्थापनका लागि स्वयम्सेवक र कलाकारहरुले समेत आ-आफ्नो ठाउँबाट सहयोग गरिरहेको महाशाखाले जनाएको छ ।

प्रहरीका अनुसार गएको २४ घण्टामा उपत्यकाबाट एक लाख ५६ हजार यात्रु बाहिरिएका छन् भने ६० हजार यात्रु भित्रिएका छन् । आठ हजार गाडी भित्रिए भने १३ हजार गाडी बाहिरिए । "यसले के देखाउँछ भने उपत्यकाको चाप घट्दो छ भन्न सकिन्छ", प्रहरी उपरीक्षक पौडेलले भन्नुभयो ।

आइतबार घटस्थापनासँगै उपत्यकामा स्कूल/कलेज बन्द भएकाले चापको समस्या कम हुने प्रहरीको अनुमान छ । तर पनि मुख्य व्यापारिक क्षेत्र र चोकमा भने गाडीसँगै मानवीय चाप बढी भएकाले त्यसको व्यवस्थापनमा प्रहरी खटाइएको महाशाखाले जनाएको छ । व्यापारिक क्षेत्रमा साँझको समयमा बढी मानवीय चाप रहेकाले त्यस क्षेत्रमा क्युमा केही गाडीहरु रहने गरेका छन् । उपत्यकाको सवारी व्यवस्थापन गर्न प्रहरीले ३६८ स्थानमा सवारी जाँच गरिरहेको छ । यसअघि ७५० ट्राफिक प्रहरी खटिएकामा अहिले ४३० प्रहरी थप खटाइएको छ । बसपार्क विभिन्न नाकाका १५ स्थानमा विशेष चेकजाँच भइरहेको छ । मादक पदार्थ सेवन ( मापसे)विरुद्ध कडाइका साथ जाँच भइरहेको बताउँदै महाशाखाका प्रहरी वरिष्ठ उपरीक्षक ढकालले भन्नुभयो, "अब कसैले मापसे गरेर गाडी चलाउँछु भन्ने नसोचे हुन्छ ।" मन्दिरमा पूजाआजा गर्ने स्थान र किनमेल गर्ने न्युरोड जस्ता स्थानमा बढी चाप छ, शुभकामना आदानप्रदान कार्यक्रमहरु बढेका छन्, त्यसतर्फ हामीले निगरानी बढाएका छौँ," ढकालले भन्नुभयो ।

प्रहरीको सक्रियताले अहिले दैनिक १६ देखि १७ सयसम्म कारवाहीमा पर्ने गरेको उहाँले बताउनुभयो । "अब नागढुङ्गा क्षेत्रमा अस्तिको जस्तो जाम हुँदैन, ढुक्कसँग यात्रा गर्दा हुन्छ, केही समस्या परे प्रहरीलाई भन्नुहोला, प्रहरीले सहयोग गर्ने छ", महाशाखा प्रमुख ढकालले थप्नुभयो । ट्राफिक सचेतना, जानकारी र व्यवस्थापनका लागि स्वयम्सेवक र कलाकारहरुले समेत आ-आफ्नो ठाउँबाट सहयोग गरिरहेको महाशाखाले जनाएको छ ।

# भरतपुर अस्पतालमा कर्मचारीहरु आन्दोलित

**सुरेश कुमार अधिकारी 'मित्र'**

भरतपुर । भरतपुर अस्पताल चितवन जिल्लाको सरकारी अस्पतालहरु मध्ये ठुलो केन्द्रीय अस्पताल हो । यो प्रदेश नं. ३ मा पर्दछ । यो अस्पतालमा बिकास समिति पनि छ । विकास समितिमा रहने पदाधिकारीहरु खासगरी राजनैतिक नियुक्तिको आधारमा रहेको पाइन्छ । विकास समितिमा प्राविधिक कर्मचारीहरु डाक्टर, ल्याव टेक्निसियन, स्टाफ नर्सलगायत कर्मचारीहरुको मासिक पारिश्रमिक बिकास समितिले दिने गरेको छ । अस्पताल हाताभित्र काम गर्ने कर्मचारीहरुमा ७५ प्रतिशत निकास समितिका र २ प्रतिशत नेपाल सरकारका कर्मचारीहरु छन् । खाईपाई आएको तलबमा सरकारी कर्मचारी सरह (स्थायी) तलब बृद्धि हुनुपर्नेमा सो नभएको भन्दै निसास समितिका कर्मचारीहरुले आन्दोलन गरेका छन् । निकास समितिका कर्मचारीहरुमध्ये स्वीकृत दरबन्दी अनुसार सेवा गरेका कर्मचारी र दैनिक ज्यालादारी एवं करारमा रहेका गरी ३ थरीका कर्मचारीहरु रहेका छन् । ति मध्ये स्वीकृत दरबन्दी कर्मचारीको हकमा बढेको तलब पाउने सम्भावना देखिन्छ भने अरुको हकमा त्यो सम्भावना झिनो देखिन्छ । सोही कारणले गर्दा अहिले भरतपुर अस्पतालका निकास समितिका सम्पूर्ण कर्मचारीहरु आन्दोलित छन् । जसको कारण सेवा प्रवाहित भएको छ । भरतपुरमा सबैभन्दा बढी बिरामीको चाप रहने गरेको उक्त अस्पतालमा आएका बिरामी लामो लामबद्ध भएर फर्कनु परेको अवस्था छ । इमरजेन्सीदेखि ओपीडीसम्म बिरामीको स्वास्थ्य देखिन्छ । ओ.डी. सेवा समेत प्रभावित भएको छ । ल्याब पनि प्रभावित भएको छ । अहिले महामारीको रुपमा फैलिएको डुंगुको बिरामीको चाप पनि बढेको छ । यी यावत कारणले गर्दा चितवनको एक मात्र सरकारी अस्पतालमा कर्मचारीहरुलाई उनका समस्या ज्यूका त्युँ राखियो भने त्यसले उग्ररुप लिने भएकोले आनेलन मत्थर पार्न प्रशारनले ३ बुँदे सम्झौता गरेको छ । पहिलो स्वीकृत दरबन्दी अनुसार सेवा गरेको कर्मचारीहरुलाई बढेको तलब सुविधा अनुसार दिने र स्वीकृत नभई दैनिक ज्यालादारी र करारमा काम गरेकोले हकमा अस्पताल निकास समिति गठन भएपछि वा स्वास्थ्य मन्त्रालयबाट निर्देशन पत्र आएपछि सोही अनुसार गर्ने र विरोधका सबै कार्यक्रम बन्द गरी सेवा सुचार राख्ने निर्णय गरेको छ । तर त्यो वीचमा धेरै सेवाग्राही दुखित भएको सन्दर्भ हेर्दा यी समस्या निकास समितिले पहिले नै समाधान गर्नुपर्ने थियो तै पनि ३ बुँदे सहमतिमा भएका कुरा कार्यान्वयन होस् । बिरामी र बिरामीका आफन्तहरुले सास्ती नपाउन् हाम्रो शुभ कामना छ ।

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

सुमित खाती
थानापति सुनचाँदी पसल
मन्थली, रामेछाप

*गरगहनाको बनाउन तथा किनबेचको लागि हामीलाई सम्झनुहोस*

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

गोविन्द घिमिरे
अध्यक्ष
नेपाल हर्ब्स तथा हर्बल उत्पादक संघ (निहपा) परिवार

कागेश्वरी नगरपालिकाको करदातालाई अनुरोध

तपाई हाम्रै घर आगनमा रहेको वडा कार्यालयहरुमा गई कागेश्वरी नगरपालिकालाई आफुले तिर्न/बुझाउन पर्ने बहाल कर, सम्पत्ति कर, मनोरञ्जन करलगायतका कर बुझाई असल र सभ्य नागरिकको परिचय दिदै कागेश्वरी नगरपालिकाले धोषणा गरेको कर अभियान वर्ष २०७६/०७७ लाई सफल पार्न सहयोग गरौं ।

कागेश्वरी नगरपालिकालाई स्वच्छ, सफा, हराभरा राखौं ।

- सम्पति कर :- घर र जग्गामा लाग्ने कर ।
- भुमि कर :- सम्पति करका लागि लिइने जग्गा बाहेकको जग्गामा जग्गाको वर्ग अनुसार लाग्ने कर ।
- बहाल कर :- प्राप्त बहाल रकमको १० प्रतिशतले हुन आउने रकम ।
- व्यवसाय कर :- व्यवसायको प्रकृति अनुसार नियमानुसार लाग्ने कर ।
- मनोरञ्जन कर :- ५ प्रतिशतले हुन आउने रकम ।
- घटना दर्ता :- जन्म, मृत्यु,विवाह, बसाइसराई र सम्बन्ध बिच्छेद समयमा नै दर्ता गर्ने ।

बडा दशैं २०७६ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना
गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना

- ➢ व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन ।
- ➢ घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- ➢ गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागु गरौं ।
- ➢ आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- ➢ आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- ➢ व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- ➢ सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

अध्यक्ष शेरबहादुर सुनुवार — उपाध्यक्ष उर्मिला कार्की (बस्नेत)

उमाकुड गाउँपालिका, रामेछाप

बडा दशैं २०७६ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना
गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना

- ➢ व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन ।
- ➢ घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- ➢ गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागु गरौं ।
- ➢ आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- ➢ आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- ➢ व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- ➢ सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

अध्यक्ष खड्ग बहादुर सुनुवार — उपाध्यक्ष राधिका श्रेष्ठ (नेवार)

गोकुलगंगा गाउँपालिका, रामेछाप

बडा दशैं २०७६ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना
गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना

- ➢ व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन ।
- ➢ घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- ➢ गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागु गरौं ।
- ➢ आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- ➢ आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- ➢ व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- ➢ सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

अध्यक्ष दलबहादुर लामा — उपाध्यक्ष लक्ष्मी बर्तौला

रोशी गाउँपालिका, काभ्रेपलाञ्चोक

बडा दशैं २०७६ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना
गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना

- ➢ व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन ।
- ➢ घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- ➢ गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागु गरौं ।
- ➢ आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- ➢ आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- ➢ व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- ➢ सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

अध्यक्ष सलाम सिं तामाङ — उपाध्यक्ष दुर्गामाया तामाङ

तेमाल गाउँपालिका, काभ्रेपलाञ्चोक

# मेरा जिन्दगीका अनुभवहरु–१४

**नेपालका प्रधानमन्त्रीहरुसँग भेटघाट**

२००७ साल पछिका सबैजसो प्रधानमन्त्रीहरुसँग मेरो भेटघाट भयो। सर्वप्रथम मातृका प्रसाद कोइरालासँग काठमाडौँबाट भारतमा इन्जिनियर पढ्न जाने विषय लिएर २००७ सालतिर टंकप्रसाद आचार्य प्रधानमन्त्री भए। उनीसँग पनि भेटघाट भयो। उनी सादा जीवन बिताउने सरल स्वभावको थिए।

उनीमा राष्ट्रिय भावना प्रवल थियो। उनीमा राष्ट्रिय भावना प्रवल थियो। डा. के. आई. सिंह प्रधानमन्त्री हुँदा म इन्जिनियरिङ पास गरेर नोकरीको लागि काठमाडौं गएका थिए। उनको मन्त्रीमण्डल जम्मा ९० दिनको मात्र थियो। उनीसँग भेट हुन सकेन। त्यसपछि विश्वेश्वर प्रसाद कोइराला प्रधानमन्धी हुँदा म मस्को उच्च शिक्षा अध्ययन गर्न जाने बेलामा भेट भयो। उनीमा राजनेताको प्रतिभा झल्किन्थ्यो। त्यसपछि डा. तुलसी गिरीसँग भेट भयो। उनी कुनै पनि कुरा तुरुन्तै बुझ्न सक्ने खालका थिए। त्यस पछाडि सूर्य बहादुर थापा प्रधानमन्त्री भए। सरकारी कामको सिलसिलामा उनीसँग मानिसलाई सुहाउँदो काम दिने गर्दथे। त्यसपछि लोकेन्द्र बहादुर चन्द्र प्रधानमन्त्री भए। कामको क्रममा उनीसँग पनि धेरै पल्ट भेटघाट भयो। उनी सलर स्वाभवको थिए। प्रधानमन्त्री मनमोहन आधकारीसँग नेपालको जलस्रोत सम्बन्धमा कुराकानी भइ रहन्थ्यो। उनीमा राष्ट्रिय भावमा प्रवल थियो। भने सरल र सोझो थिए। त्यसपछिका प्रधानमन्त्रि गिरिजा प्रसाद कोइरालासँग पनि जलस्रोतको विषयमा कुराकानी हुन्थ्यो। उनी आफैं जलस्रोतको ज्ञाता थिए। त्यसपछिका प्रधानमन्त्री शेर बहादुर देउवासँग पनि जलस्रोतको सम्बन्धमा कुराकानी भइरहन्थ्यो। उनी पनि व्यवाहारिक व्यक्तित्व भएका मलाई महसुस भयो।

**लेखन एव. प्रकाशन**

सन् १९९६ मा नेपालको जलश्रोत विकासका सम्बन्धमा किताब प्रकाशन गरे। त्यसको राम्रो फिडब्याक आयो। वास्तवामा त्यो किताब निकै खोजीनीतिको साथ तयार पारिएको हुनाले पनि त्यसको राम्रो फिडब्याक आएको हो। सन् १९९३ मा मानवतावादी लेख प्रकाशित गरेर कतिवा संग्रह प्रकाशनमा ल्याए। यसका आध्यात्मिक चिन्तन मनन्का कुराहरु समावेश भएको हुनाले यसले समाजमा सकारात्मक भावनालाई फैल्याउन सहयोग पुग्यो भन्ने मेरो धारणा रहेको छ। २००३ मा धर्म दर्शन विज्ञान किताव निकै गहकिलो पुस्तक प्रकाशनमा ल्याए। धर्म दर्शन सभ्याता र संस्कृतिको बारेमा यस कितावमा बयान गरिएको सभ्याता संस्कृति आदि बुझ्न आम पाठकलाई यो किताब निकै सहयोगी भयो भन्ने मलाई लागको छ।

भूतपुर्व कर्मचारीहरुको कुनै संगठन थिएन। त्यसकारण नोकरीबाट अवकास पाएपछि साथीभाइहरुको बिचमा सम्पर्क हुन कठिन भयो। लामो समयसम्म सँगै काम गरेका आफ्ना समकक्षी र दौतरीहरुसँग हुने भेट पनि नोकरीबाट अवकास पाएपछि टुट्दो रहेछ। यसकारण केही पूर्व कर्मचारी साथीहरुसँग मिलेर हामीले संगठन बनायौ। पूर्व कमैचारी संगठनको लागि लाइब्ररी, स्वास्थ आदिको क्षेत्रमा काम गर्न थल्यौ। तत्कालीन सरकारले पनि हाम्रो लागि ५ रोपनी जग्गा दियो र त्यसमा वृद्धाश्रम बनाउने काम पनि गऱ्यौ। हामीले पाक्षिक पत्रिका प्रकाशन गरी कर्मचारीको लाग बिक्री वितरण गर्ने व्यवस्था हामीले मिलमयौं। झन्डै दश वर्षसम्म त्यो सस्थामा रहेर सामाजिक काम गरे।

योगसाधानमा मैले धेरै समय अध्ययन गरेको छु। योगसम्बन्धी निकै अध्ययनहरु गरै। आशो मैत्रेय यागी विपश्यना आदिमा गएर तिनदिन सातदिन सम्म हुने योगसाधानहरुमा समय दिन थाले। देश विदेशबाट आउने योगी चिन्तक र महात्मासँगको सम्बन्ध पनि विस्तार भयो। स्वास्थ्य पनि निकै राम्रो भएको महसुस भयो। शरीरमा भएको तनाव पनि कम भयो र नयाँ ऊर्जा आएको महसुस भयो।

२००५ तिर फेरि अमेरिका गयौं। नेपालमा सामाजिक कार्यमा नै जीवन व्यतित भएको थियो। २००५ पछि अमेरिका बस्न ५० ओटा किताबहरु ल्याएर अध्ययन गर्न थाले। अध्ययन गर्ने र लेखहरु लेख्न थाले। यही समयमा ज्हबल त्तगभकत ँयच ज्बउउष्लभकक भन्ने पुस्तक तयार पारे। र यो पुस्तक पनि तयार पारे। अमेरिकाको जीवनलाई अध्ययन गर्दा यहाँको संस्कृति र स्वतन्त्रता प्रसस्त छ। मानिसले काम गरेर बस्न खान र लगाउन कुनै खालको समस्या छैन। यहाँको सामाजिक, आर्थिक, राजनीतिक लगायतका सबै कुराको अवश्यक व्यवस्था गरिएको छ। संसारो भ्रमणको अनुभवले ममा के ज्ञान भएको छ भने संसारले आ आफ्नो आवश्यकता र व्यवस्था अनुसार विकास गरेको छ। अमेरिकामा व्यवहरिक दर्शनको विकास भएको छ। संसारमा अनेक खालका वाद र सिद्धान्तहरु विकास भएको छ। मानिसले मिहिनेत नगरेमा कुनैपनि मुलुक धनी बन्न हुन सक्देन भन्ने कुरा अमेरिकाको बसाइले देखाएको छ।

आजको संसार नै विकास र उन्नतिको भएकाले विकास योजनालाई आत्मसात् गरेका खण्डमा मानिसको निकै प्रगटि गरेका छन्। औद्योगीकरणको समस्याले वातावरण



सूर्यनाथ बास्तोला

विनास पनि ल्याएको छ। त्यसले धेरै खालको असरहरु पनि पारेका छन्। यस कुराको बारेमा खोज अनुसन्धान अनगि भएका छन्।

वातावरणको विनासले संसारलाई पिरोलिहेको छ। मानिसको जीवन पद्धतिमा विकास गर्नको लागि विज्ञान, प्रविधि चिनतन, धर्म सोच विचार आदिमा परिवर्तन भएर मानव सभ्यताको विकास भएको छ। यसकारण मानव समाजलाई बचाउन र आफ्नो विकासलाई उच्च गतिमा अगाडि बढाउन सक्षम भएको छ। अविकशित देशहरु पन बिस्तारै बिस्तारै आफ्नो समस्याको सम्बोधन गर्दै प्रविधिलाई आत्मसात् गरेर अगाडि बढिरहेका छन्।

अमेरिका बसेर अध्ययन गर्दा युद्धमा रहेका कम्युनिस्ट देशहरु पनि क्रमश विकासको गतिमा अगाडि बढिरहेका देखिन्छन। चीन र भारतले पनि विकासलाई वतब्र रुपमा अगाडि बढारहेका छन्। अफ्रिकामा पनि विकास भइरहेका छन्। एसियाका जापान र दक्षिण कोरिया धनी राष्ट्रको रुपमा चिनिएका छन्। तर एसियाको धेरै देशहरुमा अझैपनि भोकमरी र गरिबी व्याप्त छ। मध्यपुर्वका पवन विकास भएपछि त्यहाँ धेरै खालको द्वन्द्व कामय रहेको छ।

आतकंवादले संसारलाई पिरोलेका छ। संसारभरि फैलिएको आतंकवाद विरुद्धको लडाइमा

*क्रमश:*

## नाता पोशी नेकपा गनायो

**कृष्ण बहादुर बोगटी काका**
**धुम्बाराही ४, काठमाण्डौ**
**हाल चक्रबहिल –१२, ललितपुर**



समक्ष नेता मन्त्रि लाई पाँखा लगायर
नाता गोता असक्षमलाई मन्त्री बनाएर
जनार्दन शर्मालाई मन्त्री दिनुपर्छ
त्यसो गर्तँ सक्यो भने पानी तस्करी मर्छ।

भ्रष्टाचारी निर्मुल पार्न सेरबहादर तामाङ्ग नै चाहिने
भ्रष्ट संग साँठगाँठ गर्ने यहाँ धेरै नेता मन्त्रि पाइने
सक्षम नेता नेकपाले पाँखा लगाएर
छोरीबुहारी असक्षमलाई मन्त्री बनाएर।

मन्त्री र ठेकेद्धार को के मा कुराकानी मिलेन
२०७४ मै आउनु पर्ने मेलम्ची कैले कुरा मिलेन
नेपालमा बिकास गर्न नेता मन्त्री पोष्नु पर्ने
जता ततै घुस दिनुपर्ने ठेकदार ब्यापारीले के गर्ने।

ठेक्कापट्टा नाता गोता घर बेटीलाई दिने
त्यस्ता भ्रष्ट नेताहरुले देशलाई के हो दिने
नेताको जाल झेलले छोरी मेहेर भइन
कामै गर्न नसक्ने बुहारी मन्त्रितिर गईन।

असक्षम सबैजना शक्तीसाली नेता दाँया बाया
सक्षम नेता सबैजनाले कामै गर्ने मौका नै पपाएनन्
ल्याउनुपर्छ सेरबहादुर तामाङ्ग जनार्दन शर्मा
तब बत्ति बल्ने गर्छ गरीबको घरर्मा।

## ज्ञानेन्द्र शाही माथि सांघातिक आक्रमण

### चितवन पुन: अशान्त बन्ने संकेत

चितवन। नेपालका लागि नेपाली अभियानका सामाजिक अभियन्ता ज्ञानेन्द्र शाही माथि शनिबार भरतपुरमा निर्घात आक्रमण भएपछि चितवनका जनता आक्रमणकारीका विरुद्ध सडकमा उत्रने तयारी गरेका छन्। यसअघि न्यूज २४ का प्रस्तोता रवि लामिछानेको समर्थनमा जनता जसरी सडकमा उत्रेका थिए, त्यही किसिमबाट सबै प्रकारको तयारी भैरहेको अभियानले जनाएको छ।

शनिबार दिउँसो भरतपुरको ग्लोवल होटलबाट बाहिर निस्कदै गर्दा शाहीमाथि आक्रमण भएको थियो। श्रोतका अनुसार ना. ३ ख ८४५८ नम्बरको माइक्रोमा चढ्दै गरेका शाहीलाई रड, ढुंगा र इट्टाले प्रहार गर्दा उनको टाउको, हात, र खुट्टामा गंभिर चोट लागेको छ। चितवन मेडिकल कलेजमा उपचार सम्भव नभएपछि थप उपचारका लागि काठमाडौं रिफर गरिएको छ। नेपालका लागि नेपाली अभियानले शनिवार भष्ट्राचार, घुसखोरी र सामाजिक वेथिती विशुद्धको सभा संचालन गरिरहेकै बेला शाहीमाथि अपरिचित समुहले आक्रमण गरेको थियो। सभा विथोल्न केही युवाहरु सक्रिय हुँदा प्रहरीले दुवै पक्षका विच झडप भई अप्रिय स्थिति सिर्जना हुने महसुस गर्दै दुवै पक्षलाई कार्यक्रम स्थलबाट हटाएको थियो।

भ्रष्टाचार र सामाजिक वेथितीका विरुद्ध आवाज उठाइरहेका ज्ञानेन्द्र शाही माथि यस प्रकारको संघातिक आक्रमण हुनु न्यायिक क्षेत्रमा विडम्वना पूर्ण मानिएको छ। लोकतन्त्रको आधारशिला भनेकौ सबै वेथितीका विरुद्ध आवाज उठाउने र फरक फरक विचारलाई मान्यता दिने प्रमुख थलो हो भन्ने राज्यले बुझ्न जरुरी छ।

भ्रष्टाचारका विरुद्ध आवाज उठाउन नपाइने र उठाएवापत सांघातिक आक्रमणमा परिने लोकतन्त्र (?) को कुनै अर्थ रहदैन। प्रतिगामीहरु जुर्मुराएको र लोकतान्त्रिक गणतन्त्र माथि खतरा उत्पन्न भएको महसुस गर्दै यस अघि प्रधानमन्त्री केपी ओली र प्रचण्डले आफ्ना कार्यकर्तालाई अरिङ्गाल बन्न निर्देशन दिएका थिए। ज्ञानेन्द्र शाही माथि भएको सांघातिक आक्रमण पनि कतै त्यस्तै खालको उपज त होइन ? भन्ने प्रश्न खडा गरेको छ। यस घटनाले थप रहस्यमय रुप लिदै छ र त्यसको प्रतिकार स्वरुप चितवन पुन: अशान्त बन्ने संकेत देखिएको छ।

**मंगलमय शुभकामना**

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

**लालकुमार श्रेष्ठ**
**सतनचुली टुर्स एण्ड ट्राक्ल्स**
पोखरा बसपार्क, नारायणगढ
मोबाइल नं. ९८५०५०६१८३३

**आवश्यकता**

**Green Hut Lounge**
**&**
**Cafe with Banquet**

को लागि वेटर आवश्यक परेको हुनाले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क राख्नुहोला।

**सम्पर्क नम्बर:०१–४४३४११३**

**तपाइलाई कुनै फर्निचरका सामानहरु चाहिएको छ ?**
**हामीलाई सम्झनुहोस्**

afn sGof kmlg{r/ pBf]u

मन्थली–१, रामेछाप

यहाँ फर्निचरका सम्पूर्ण सामाग्रीहरु पाइन्छ जस्तै: टेबल, कुर्सि, सोफाका साथै अफिस र पसलको सम्पूर्ण डेकोरेशन गरिन्छ। अर्डर अनुसारको घर तथा अफिसको सम्पूर्ण सामान उपलब्ध गराइन्छ।

**प्रो. खुम्ब बहादुर श्रेष्ठ**
मोबाइलन नं.: ९८५४०४०२१२, ९८४४२६७२१२ ९८६४२३७२३५

**बडा दशैं २०७६ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना**
**गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागु गरौं।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं।

अध्यक्ष — गोविन्दबहादुर खड्का
उपाध्यक्ष — दिपशिखा दाहाल

**लिखु तामाकोशी गाउँपालिका, रामेछाप**

**बडा दशैं २०७६ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना**
**गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागु गरौं।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं।

अध्यक्ष — अयुब अन्सारी
उपाध्यक्ष — अनितादेवी यादव


**कोशी गाउँपालिका, सुनसरी**













जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस